दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३२२ | बुटवल | २०८१ मंसिर १४, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Nov.29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# लुम्बिनी सरकारले केन्द्रलाई पठायो २४ समस्या

**संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानको झण्डै साढे दुई अर्ब रकम प्राप्त हुन नसकेको विषय प्रमुखताका साथ उठाइएको छ ।**

**लुम्बिनी संवाददाता**

*दाङ*

प्रदेश विकास समस्या समाधान समितिको बैठकले प्रदेशका २४ वटा समस्या पहिचान गरेर राष्ट्रिय विकास समस्या समितिमा पठाएको छ । बैठकमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानको रकम प्राप्त हुन नसकेको विषय प्रमुख समस्याका साथ उठाइएको छ । प्रदेश सरकारले गत वर्षको झण्डै साढे दुई अर्ब दायित्व भुक्तानी गर्न बाँकी छ। संघीय सरकारले वित्तीय समानीकरण अनुदानको रकम नपठाउँदा प्रदेशले आर्थिक संकट भोग्नु परेको छ। सशर्त अनुदानको रकम घटाएर वित्तीय समानीकरण अनुदानको बजेट बढाउने विषयलाई प्रमुखताका साथ उठाइएको हो । साझा अधिकारका सूचीको कार्य बाँडफाँट र प्रहरी समायोजनाको विषयलाई पनि उठाइएको सरकारका प्रवक्ता भूमि व्यवस्था तथा कृषि मन्त्री दिनेश पन्थीले बताए ।

साझा अधिकार सूचीमा रहेका विषयमा कार्य बाँडफाँटमा स्पष्ट मापदण्ड बनाई लागू गर्ने र प्रहरी समायोजनको कुरा छिटो टुंगो लगाउनुपर्ने, प्रदेश र स्थानीय तहमा कर्मचारी परिचालनको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृत प्रदेशले पठाउनेगरी व्यवस्था गर्नुपर्ने, वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनमा प्रक्रियागत विषयमा अधिकार प्रत्यायोजन हुनुपर्ने विषयलाई उठाइएको छ । वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनका प्रक्रियागत विषयमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने विषय पनि राष्ट्रिय विकास समस्या समितिमा पठाएको पन्थीले बताए ।

आयात हुने कृषि उपजको नियमन गर्ने विषय , ढुंगा, गिट्टी, बालुवा उत्खनन्सम्बन्धी कानुनी व्यवस्था सुधार गर्नुपर्ने, सडक निर्माण, विस्तार र सुदृढीकरणमा संघीय सरकार र विद्युत् प्राधिकरणसँगको समन्वय प्रभावकारी नहुँदा समस्या समाधान गर्नेगरी काम अघि बढाउनुपर्ने, उद्योग दर्ता र जग्गा प्राप्तीको अधिकार प्रत्यायोजन गरिनुपर्ने विषय उठाइएको छ ।

**दायित्व भुक्तानी प्रक्रिया पुस मसान्तबाट अघि बढाइने**

प्रदेश विकास समस्या समाधान समितिको बैठकले प्रदेश सरकारले अघि बढाएका विभिन्न १६ वटा विषयलाई प्राथमिकतामा राख्दै समस्या समाधान गर्नेगरी अघि बढाइने भएको छ । बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड पुस मसान्तभित्र तयार पार्ने समय तोकिएको छ । सरकारको कुल दायित्य र योजनाको एकिन मंसिर मसान्तभित्र गर्ने र पुस मसान्त भित्र बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड पूरा गर्ने, परिणाममुखी आयोजना कार्यान्वयनलाई जोड दिइएको छ ।

स्रोतको अधिकतम सदुपयोग गरी वार्षिक बजेट तथा कार्यक्रममा परेका योजना तथा कार्यक्रम सञ्चालन गर्दा अपेक्षित परिणामलाई



मध्यनजर गरेर मत्र मितव्ययी तरिकाले आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, प्रदेशको कर्मचारी व्यवस्थापन गर्न विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षण फागुन मसान्तसम्म सम्पन्न गरी कर्मचारीको पदपूर्ती तथा पदस्थापन गर्ने कार्यलाई तिब्र पार्ने, सडक निर्माण क्षेत्र सम्बन्धमा प्रदेश याजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन गर्ने, जुन कार्यदलले फागुन मसान्तभित्र प्रतिवेदन पेश गर्ने, एकिकृत शहरी पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि फागुन मसान्तभित्र तर्जुमा गरिसक्ने निर्णय गरिएको छ ।

बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत तथा स्रोत सुनिश्चित भएका आयोजना मात्र कार्यान्वयन गर्ने निर्णय भएको छ । बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत तथा स्रोत सुनिश्चित नभएसम्म वार्षिक बजेटमा विनियोजित रकमभन्दा बढी दायित्व सृजना हुनेगरी कुनै पनि आयोजना तथा कार्यक्रम कार्यान्वयन नगरिने भएको हो । गत वर्षको दायित्व भुक्तानी हुन बाँकी आयोजनाहरुको रकम भुक्तानीको प्रक्रिया पुस मसान्तभित्र अघि बढाउने, निर्मित पूर्वाधारहरुको सदुपयोगमा विशेष जोड दिइएको छ ।

प्रदेश योजना आयोगका उपाध्यक्ष संयोजक रहनेगरी सडक, चिस्यान केन्द्र, रिफ्रेस सेन्टर, सांस्कृतिक डबलीलगायत उपयोग नभएका वा न्यून उपयोग भएका पूर्वाधारहरुको अवस्था एकिन गर्नगरी उपयोग बढाउन, हस्तान्तरण र आर्थिक सामाजिक गतिविधि संग जोड्न विषयमा अध्ययन गरी फागुन मसान्तसमम मुख्यन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन पेश गर्ने निर्णय भएको छ ।

प्रदेश विकास समस्या समितिको बैठकले प्रदेशको विकास निर्माणको कामलाई प्रतिफल र उपलब्धिसँग जोड्नेगरी विभिन्न महत्वपूर्ण विषयहरु उठान गरेको प्रवक्ता पन्थीले बताए । बैठकमा प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्यालले प्रदेशको आन्तरिक स्रोतलाई बलियो बनाउनेगरी राजश्वको दायरा बढाउनुपर्ने, कार्य सम्पादनलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनुपर्ने विषयहरु प्रस्तुत गरेका थिए । बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यले प्रतिफल दिने खालका योजनाहरुलाई प्राथमिकता दिएर कार्यान्वयन गर्न निर्देशन दिएका हुन् ।

» बाँकी ३ पेजमा

## मन्त्रीको काम चित्तबुझ्दो नभए हटाइन्छ : प्रधानमन्त्री



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीलेमन्त्रीहरुको काम चित्तबुझ्दो नभए हटाउन सकिने चेतावनी दिएका छन् । उनले अब अल्याङटल्याङ गर्ने समय नरहेकाले कुनै मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभएमा त्यसमा पनि समीक्षा गर्नुपर्ने र कर्मचारीले उत्साहका साथ काम गर्नुपर्नेमा जोड दिए ।

विद्यमान स्थितिमा परिवर्तन ल्याउने गरी प्रभावकारीरुपमा काम गर्न मन्त्री र सचिवहरुलाई निर्देशन दिएका छन् ।

चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रथम त्रैमासिकको समीक्षा बैठकमा प्रधानमन्त्री ओलीले सोचे जति काम नभएकाले विद्यमान स्थितिमा परिवर्तन ल्याउनैपर्नेमा जोड दिएका हुन् । स्रोतको सुनिश्चितताविना अघिल्लो सरकारबाट प्रस्तुत बजेट आएकाले पनि काम गर्न सहज नभएको उल्लेख गर्दै उनले बजेटको समीक्षा गर्न सकिने तर काम गर्ने शैलीमा भने आमूल परिवर्तन ल्याउनुपर्ने बताए ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका पदाधिकारी, मुख्यसचिव र सचिवहरुसहितको बैठकमा प्रधानमन्त्री ओलीले बजेट र कार्यक्रमका विसङ्गतिलाई व्यवस्थापन गर्नुपरेको बताउँदै ११ हजार नक्कली आयोजना ल्याइएको र बहुवर्षीय खालका योजनामा यस वर्ष रु २० लाख मात्रै बजेट राख्ने खालका विकृति अन्त्य हुनुपर्ने उल्लेख गरे ।

## सरकार असंवैधानिक र अप्राकृतिक : प्रचण्ड



काठमाडौं । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सरकार असंवैधानिक र अप्राकृतिक ढंगले बनेको दाबी गरेका छन् । कीर्तिपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्ने क्रममा पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले यस्तो बताएका हुन् ।

उनले अहिले सरकारको नेतृत्व गरिरहेकाहरूमा नै भ्रष्टाचारको तिर सोझिएपछि अप्राकृतिक ढंगबाट सरकार बन्न पुगेको दाबी गरे ।

भ्रष्टाचारविरोधी अभियानको तीर अहिले सरकारको नेतृत्व गरेकाहरूकै ठाउँमा पुग्ने देखेपछि र बेचन झा र प्रतिक थापा पक्राउ परेपछि, फरार अभियुक्त गिरफ्तार भइसकेपछि रातारात अहिलेको सरकार बनेको उनले बताए ।

उनले संविधानको धारा ७६ (२) अनुसारको सरकारले विश्वासको मत पाएपछि स्वतः उपधारा (३) मा जानुपर्ने तर्क गर्दै अहिलेको सरकार संविधान विरोधी भएको आरोप लगाए ।

## समर्थन फिर्ता लिन्नौं : जनमत




बुटवल । जनमत पार्टीले सरकारलाई दिएको समर्थन नगर्ने स्पष्ट पारेको छ । सरकार र जनमत पार्टीबिच विवाद उत्पन्न भएकाले सरकारलाई दिएको समर्थन फिर्ता गर्ने चर्चा चलेको थियो ।

जनमत पार्टीको सांसद गोमा लाभ सापकोटालाई सभामुख देवराज घिमिरेले नहटाउने निर्णय लिएका थिए । पार्टीका अध्यक्ष सीके राउतले कम्बोडियाको प्रधानमन्त्री सामडेक हुन मानेटलाई भेट्दा नेपाली प्रधानमन्त्री केपी शर्मा ओलीप्रति टिप्पणी गरेका थिए । सामाजिक सञ्जालमा उनले लेखेका थिए-'कम्बोडियाका प्रधानमन्त्री सामडेक हुन मानेटसँग भेटवार्ता । बरू, नेपालकै प्रधानमन्त्री भेट्न साह्रै गाह्रो ।'

सरकारको निर्देशन अनुसार सभामुखले आफ्नो सांसद नहटाएको प्रतिक्रिया र पार्टी अध्यक्षको प्रधानमन्त्रीप्रति कटाक्षले जनमले सरकारलाई दिएको समर्थन फिर्ताले आशंकाहरु व्यक्त भएका थिए ।

जनमतका पार्टी प्रवक्ता शरदसिंह यादवले सरकारलाई दिएको समर्थन फिर्ता नलिने बताए । 'सरकारलाई गरेको समर्थन फिर्ता गर्दैनौं,' प्रवक्ता यादवले भने-'मधेश सरकारमा जनमतको सरकार निरन्तर रहन्छ ।'

## ३० करोड लगानीमा रोहिणीमा अर्गानिक मल उद्योग

सरकारले स्वदेशी अर्गानिक मलको प्रवर्द्धनका लागि विशेष नीति ल्याएमा सधैंभरी मलको अभावले किसानलाई भौतारिनु नपर्ने र माटोको उर्बराशक्ति संरक्षण हुने उद्योगको अपेक्षा छ ।




**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीको रोहिणीमा ३० करोड लगानीमा अर्गानिक मल उद्योग सञ्चालनमा आएको छ। ग्रो मोर फर्टिलाइजर एण्ड केमिकल प्रालिले अर्गानिक मलको व्यवसायिक उत्पादन थालेको हो। नेपालमा वर्षेनि मलको अभाव हुने र रासायनिक मलको प्रयोगबाट माटोको उर्बराशक्तिमा आउने ह्रास तथा रासायनिक मलको प्रयोगबाट उत्पादित खाद्यान्नले मानव स्वास्थ्यमा पार्ने असरलाई मध्यनजर गर्दै ठूलो परिमाणमा अर्गानिक मलको व्यवसायिक उत्पादन थालिएको हो । कोरोना महामारीका बेला मल अभाव र अन्य वस्तु आयातमा देखिएको समस्याले मल उद्योग खोल्न प्रेरणा मिलेको उद्योगका सञ्चालक भैरहवाका व्यवसायी सिद्धार्थ अग्रवालले बताए । उद्योगमा उनकी पत्नी पुनमकुमारी अग्रवाल पनि साझेदार छन् । उनीहरुले रोहिणी गाउँपालिका-४, कोटहवामा अर्गानिक मल उद्योग सञ्चालनमा ल्याएका हुन् । ५ विघा क्षेत्रफलमा ३० करोड रुपैयाँ लगानी गरी 'रत्नम अर्गानिक दानेदार मल' बजारमा ल्याइएको हो। मलका लागि वर्षेनि अर्बौं रुपैयाँ विदेशिने गरेको तथ्यलाई मध्यनजर गर्दै अर्गानिक मलको व्यवसायिक उत्पादन सुरु गरेको अग्रवालले बताए ।

लुम्बिनी, गण्डकी, बागमती र मधेश प्रदेशका किसानलाई लक्षित गरी दैनिक एक सय मेट्रिक टनभन्दा बढी मलको उत्पादन गर्दै आएको सञ्चालन सिद्धार्थ अग्रवालले बताए। उद्योगको क्षमता भने दैनिक २ सय मेट्रिक टन छ ।

» बाँकी ३ पेजमा



# जस्तो राज्य सत्ता त्यस्तै दल र दल नेता



विनबहादुर कुँवर

*यथास्थितिवादी पक्षधर पार्टी र समूह सबै राष्ट्रघाती र जनघाती भइसकेका छन् । यिनीहरुले भन्ने लोकतन्त्र, गणतन्त्र देश र जनता सबै व्यक्तिगत लुटतन्त्रमा बदलिसकेको छ। सत्ता र शक्तिको लागि यी सबै मरिहत्ते नै गरिरहेका छन्। जे गर्दा र भन्दा त्यो पाइन्छ त्यही नै गर्ने यिनीहरुको निश्चित छ। यी सबैको खबरदारी गर्ने र जनतालाई गोलबन्द गर्दै देशको राष्ट्रियता र जनतन्त्रका लागि अग्रगामी क्रान्तिकारी कम्युनिष्ट पार्टीको खाँचो छ।*




वर्गीय समाजमा हरेक कुरामा वर्गीय पक्षधरता हुन्छ। राज्य, राज्यसत्ता र व्यवस्था सबैमा वर्गीय पक्षधरता हुन्छ । त्यस्तै हरेक वाद, सिद्धान्त, विचार अनि नीति कार्यक्रममा पनि वर्गीय पक्षधरता नै हुन्छ । जस्तो वादमा सामन्तवाद-पूँजीवाद अनि समाजवाद । त्यस्तै सामन्ती र बुर्जुवा विचार र सिद्धान्त अनि द्वन्द्वात्मक भौतिकवादी विचार र सिद्धान्त । सामन्ती र बुर्जुवा विचार र सिद्धान्त भनेको पूँजीवादी विचार र सिद्धान्त हो भने द्वन्द्वात्मक भौतिकवादी विचार र सिद्धान्त भनेको समाजवादी-साम्यवादी विचार सिद्धान्त अर्थात् कम्युनिष्ट विचार र सिद्धान्त हो । प्रजातन्त्र वा लोकतन्त्र पनि वर्गीयता नै छ । बुर्जुवा प्रजातन्त्र वा लोकतन्त्र भनेको पूँजीवादी प्रजातन्त्र हो भने जनतन्त्र भनेको समाजवादी प्रजातन्त्र हो । गणतन्त्रमा पनि बुर्जुवा र जनराज्य व्यवस्था सबैमा वर्गीय पक्षधरता नै हुन्छ।

वर्तमान हाम्रो देशको राज्य व्यवस्था सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्था हो । यहाँ यसैको सत्ता छ । सेना, पुलिस, अड्डा, अदालत सबै यसैको छ । त्यसैले यो जनताको राज्य व्यवस्था र सत्ता होइन । खाली केही मुठ्ठीभर सामन्ती दलाल र नोकरशाही बुर्जुवा-पूँजीपतिहरुको मात्र यो व्यवस्था र सत्ता हो । यहाँ यिनीहरुकै बढी हालीमुहाली, दबदबा छ । प्रजातन्त्र यिनीहरुका लागि मात्र छ । आम जनतालाई शोषण र दमनतन्त्र मात्रै छ । यो बुर्जुवा लोकतन्त्र अनि बुर्जुवा-पूँजीवादी शासनतन्त्र खाली यिनै केही मुठ्ठीभर सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुका लागि मात्र छ। त्यसैले वर्गीय रुपले नै समाज राज्य र राज्य व्यवस्था-सत्ता दुई विपरीत ध्रुवमा विभाजित छ । बुर्जुवा,व्यवस्था, सत्ता अनि प्रजातन्त्र यसको विपरीत सर्वहारा राज्य–सत्ता अनि प्रजातन्त्र ।

बुर्जुवा राज्य सत्ता र प्रजातन्त्र भनेको व्यक्ति आत्मकेन्द्रित राज्य–सत्ता र प्रजातन्त्र हो। यो सबै पूँजीमा आधारित छ। पूँजी जसको धेरै छ उसैको राज्य-सत्ता र प्रजातन्त्र छ । उसैको ल एण्ड अडरमा शासन सत्ता चलेको हुन्छ। पुलिस, सेना, अड्डा, अदालत सबै उसैको निगाहामा चल्छ । त्यसैले केही मुठ्ठीभर सामन्ती, दलाल र नोकरशाही बुर्जुवाहरुको शासन सत्तामा बहुसंख्य जनता शासित भएका हुन्छन् । सत्ताको स्वरुप जहिले पनि निरंकुश नै हुन्छ । त्यसैले यो बुर्जुवा शासन सत्ताको निरंकुशतामा बहुसंख्यक गरिब, किसान, मजदूर जनताहरु दबिदै आएका छन् ।

पूँजीपतिको पुँजीको आधार शोषणमा छ । बहुसंख्यक किसान-मजदूरहरुको मेहनतको शोषण नै उनीहरुको पूँजी कमाइको आधार हो । त्यसैले यो राज्य व्यवस्था ठग, लुटेरा, भ्रष्टाचारी, तस्करी, चोरी, डकैतीहरुका लागि स्वर्ग र आम शोषित पीडित जनताका लागि नर्क समान नै छ । त्यसैले जे जति राजनीतिक दल, दल नेता र व्यक्तिहरु यो राज्य व्यवस्थामा आउँछन् ती सबै यस्तै ठग, दलाल, भ्रष्टाचारी र तस्करी आदि हुनै पर्दछ। नत्र भने उनीहरुको कुनै हैसियत यसमा रहन्न। त्यसैले आज यहाँ जे जस्ता अपराध अर्थात् ठगी, दलाली, भ्रष्टाचारी र तस्करीहरु भइरहेका छन् । यो सबै यही राज्य व्यवस्थाकै उपज हुन् । सुरु-सुरुमा केही दिन-महिना बडो उदार, स्वच्छ जनमुखी जस्तो देखिए पनि पछि सामन्ती, भ्रष्टाचारी र तस्करी नै भई छाड्छन् । जस्तो राज्य व्यवस्था र सत्ता त्यस्तै नेता कार्यकर्ता र कर्मचारी हुनु स्वाभाविक नै छ।

आज पुराना पञ्चे-मण्डले र कांग्रेसका त कुरै नगरौं आफूलाई कम्युनिष्ट माले, एमाले, मसाल, माओवादी सबैको हालत त्यस्तै छ । नामले कम्युनिष्ट मार्क्सवादी-लेनिनवादी अझ माओवादी तर काम र व्यवहारले सबै लुटेरा, ठग, दलाल, भ्रष्टाचारी र तस्करी साथै राष्ट्र र जनघाती र गद्दार । वर्गीय दृष्टिकोणले कम्युनिष्टहरुको शासन व्यवस्था र शासन सत्ता बेग्लै छ । जन गणतन्त्र अर्थात् नयाँ जनवाद हुँदै समाजवाद, साम्यववाद कम्युनिष्टको गन्तव्य हो । वर्तमान यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा शासन सत्तालाई धुलोपिठो नपारी त्यो सम्भव छैन । त्यसका लागि क्रान्तिको विकल्प नै छैन । त्यस्तो क्रान्तिका लागि अर्को वैकल्पिक शासन सत्ता, क्रान्तिकारी कम्युनिष्ट पार्टी र क्रान्तिकारी जनसेना जरुरी छ।

यो विना खाली कम्युनिष्ट पार्टी मात्र भनेर पुग्दैन। त्यसमा पनि अझ यही शासन सत्ताअन्तर्गत चुनावबाट सदन र सरकारमा गएर कम्युनिष्ट शासन सत्ताअन्तर्गतन समाजवादको कुरा गर्नु स्वर्ग जाने नर्कको बाटो भने जस्तै हो । यो जनतालाई ठग्ने, छल छाम र बेकुप बनाउने काम मात्र हो। यहाँका माले, एमाले, मसाले र माओवादी सबैको धन्दा नै यही छ । त्यसैले यी सबैले आफूलाई कम्युनिष्ट भने पनि खासमा यी सबै भाई पञ्चे, कांग्रेस जस्तै भइसकेका छन् । समग्रमा यी सबै यही सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्था र सत्ताका कारिन्दा नै भइसकेका छन् । यी कसैबाट पनि देश र जनताको उद्धार हुनेवाला छैन। कम्युनिष्ट नाम जप्दैमा, खोल उड्दैमा कम्युनिष्ट भईदैन। यो सबै यिनीहरुको ढाँट, छल, ढोङ र फटाइ मात्र हो।

यी सबै कम्युनिष्ट नामधारी पार्टीहरुले कम्युनिष्ट विचार, सिद्धान्त र राजनीति अनि यसको आदर्श र नैतिकता अनुसार गर्ने कुरा त परै छाडौ स्वयं यही बुर्जुवा राजनीतिक सत्ता अन्तर्गत नै पनि केही गर्न सकिरहेका छैनन् । जस्तो भनिन्छ संसदीय राज्य व्यवस्थामा सत्तापक्षको सरकार र प्रतिपक्षको सदन र सडक । त्यस्तै बहुमतको सरकार र अल्पमतको सदन । तर यहाँ यसको ठीक उल्टो अल्पमतको सरकार बहुमतको सदन हुने गरेको छ। ३२ सिटे माओवादीको सरकार नै भयो। त्यस्तै बहुमतको कांग्रेस प्रतिपक्षी भयो। अहिले पनि दोस्रो ठूलो दल एमाले नेतृत्वको सरकार र पहिलो ठूलो दल कांग्रेस त्यसको सहयोगी दल भइबसेको छ। कथित यो बुर्जुवा संसदीय मूल्य मान्यताअन्तर्गत हुने हो भने बहुमत ठूलो दलको सरकार दोस्रो ठूलो दल एमाले प्रतिपक्ष भई बस्नु पर्ने हो । तर तेस्रो ठूलो ३२ सिटे माओवादी दलले कहिले कांग्रेस र कहिले एमालेलाई डोऱ्याउँदै सरकार चलाइरहयो। कही नभाको जात्रा हाडी गाउँमा भने जस्तै गाई जात्रा नै देखाइरहेका छन्, यहाँका संसदीय ठूला दल कांग्रेस, एमाले र माओवादीहरुले।

हुनतः माथि नै भनिसकियो यो बुर्जुवा सत्ता र यसको प्रजातन्त्र भनेकै ठूला बडाको मनपरितन्त्र नै हो। बोल्नेको पिठो बिक्ने नबोल्नेको चामल नै नविक्ने। के को विचार, नीति नियम ? के को इमान जमान नैतिकता ? जसको शक्ति उसैको भक्ति। सत्ता शक्ति हुँदा जे गर्दा पनि हुन्छ। असन बजारको छाडा साँडे जस्तै न कसैको डर, न कसैको कर। जस्तो एउटा उदाहरण सहकारी ठग रवि लामिछाने कुनै बेला गृहमन्त्री हुँदा देशका प्रहरी प्रमुख (आई.जी.पी.) बसन्त बहादुर कुँवरले मन्त्रीज्यूको नाममा त्यस्तो कुनै उजुरी नपरेको अत्यन्त झुटो जानकारी संसदीय समितिमा बताएका थिए। जबकि त्यतिबेलै पोखरा र बुटवलका सहकारी पीडितहरुले किटानीका साथ रवि लामिछानेमाथि उजुरी हालेका थिए। बल्ल अहिले फेरि तिनै रविमाथि त्यही पहिलेको उजुरीका आधारमा मुद्दा चलाइदैछ।

कांग्रेस-कम्युनिष्ट वा अरु कुनै पार्टी र स्वतन्त्र जो पनि जब यो राज्य व्यवस्थालाई स्वीकारी यसमा पस्छ तब विस्तारै विस्तारै ती सबैको रुप रंग बदलिंदै जान्छ। अन्त्यमा यी जो कुनै पनि रवि लामिछाने जस्तै ठग, अरु कांग्रेस-एमाले र माओवादीका नेताहरु जस्तै भ्रष्ट जाली र तस्कर नै बन्ने निश्चित छ। कसले सोचेको थियो र माओवादी नेता कृष्णबहादुर महरा यस्ता अनैतिक र तस्कर बन्लान् भनेर ? त्यस्तै कसले पो सोचेको थियो पूर्व माओवादी नेता तथा हालका एमाले सचिव टोपबहादुर मानव तस्कर होलान् भनेर ? त्यस्तै कसले यो सोचेको थियो र १० वर्षे माओवादी जनयुद्धका सर्वोच्च कमाण्डर पुष्प कमल दाहाल 'प्रचण्ड' यस्ता राष्ट्रघाती दलाल बन्लान् भनेर ? आखिर हिजोका जतिसुकै चोखा, इमान्दार अनि त्यागी नै भए पनि जब यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्तामा छिर्छन तब विस्तारै यी सबैको रुप रंग बदलिदै अन्ततः सबै जस्तो सत्ता छ त्यस्तै सामन्ती दलाल र नोकरशाही बुर्जुवा नै बन्ने निश्चित छ। उदाहरण प्रचण्डको अनि एमाले अध्यक्ष केपी, माधवकुमार साथै डा. बाबुराम भट्टराई जो देशका प्रधानमन्त्री बने सबै कुनै कुनै भ्रष्टाचारमा मुछिएकै छन् । पञ्चे-मण्डले, दरबारिया र कांग्रेसको त कुरै छोडौ यिनीहरुको त जातै जम्दार ठगी खाने, लुटी खाने जे गर्दा पनि हुने कुनै खतवात नै नलाग्ने।

यी सबैको विकल्पमा केही व्यक्ति र समूह स्वतन्त्रको नाममा यही व्यवस्थाअन्तर्गत चलखेल गर्दै छन्। यिनीहरुको पनि केही दिनको चुरीफुरी मात्रै हो। ढिलो चाडो यिनीहरुको पनि त्यस्तै रुप रंग बदलिने निश्चित छ। घण्टी पार्टी र त्यसका सभापति रवि लामिछानेको रुप रंग उदाङ्गिसकेको छ । अब उदाङ्गिन बाँकी काठमाडौंका मेयर बालेन शाह र धरानका मेयर हर्क साम्पाङको मात्र बाँकी छ । कुनै बेला यस्तै चुरी फुरी ज्ञानेन्द्र शाही र रविन्द्र मिश्रको पनि थियो । अन्ततः यी दुई पनि पञ्चे मण्डले र दरबारिया नै बनिछाडे। वास्तवमा स्वतन्त्र भन्ने राजनीति नै हुन्न । कुनै न कुनै राजनीतिसँग सम्बन्धित हुनै पर्दछ । आज हाम्रो देशको राजनीति तीन थरी अर्थात् घोर पश्चगामी र यथास्थिति अनि अग्रगामी क्रान्तिकारीमा विभाजित छ। पहिलोमा पुराना पञ्चे मण्डले र दरबारियाहरुको छ, दोस्रोमा कांग्रेस-एमाले-माओवादी, मधेसी आदि छन् भने तेस्रोमा सच्चा क्रान्तिकारी कम्युनिष्टहरु छन् । यसरी अहिले स्वतन्त्र भनिनेहरु पनि ढिलो चाँडो यी कुनै न कुनै पक्षमा जोडिनै पर्ने हुन्छ।

यी माथि उल्लेखित पश्चागामी र यथास्थितिवादी पक्षधर पार्टी र समूह सबै राष्ट्रघाती र जनघाती भइसकेका छन् । यिनीहरुले भन्ने लोकतन्त्र, गणतन्त्र देश र जनता सबै व्यक्तिगत लुटतन्त्रमा बदलिसकेको छ । सत्ता र शक्तिको लागि यी सबै मरिहत्ते नै गरिरहेका छन्। जे गर्दा र भन्दा त्यो पाइन्छ त्यही नै गर्ने यिनीहरुको निश्चित छ। यी सबैको खबरदारी गर्ने र जनतालाई गोलबन्द गर्दै देशको राष्ट्रियता र जनतन्त्रका लागि अग्रगामी क्रान्तिकारी कम्युनिष्ट पार्टीको खाँचो छ।

## सम्पादकीय

### आयोजना बैंक बनाउनु सकारात्मक

पहुंच र राजनीतिक स्वार्थका आधारमा योजना छनोट र वजेट वितरणमा भइरहेको बेथिति रोक्न लुम्बिनी प्रदेश सरकारले प्रदेश आयोजना बैंक निर्माण गर्ने भएको छ । चालु आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रममा सरकारले प्रदेश आयोजना बैंक निर्माणलाई प्राथमिकतामा राखेको छ । सोही आधारमा प्रदेश सरकारले प्रदेश आयोजना बैंक निर्माणको प्रक्रिया सुरु गरेको हो ।

योजना छनोट प्रक्रियालाई आवश्यकताका आधारमा व्यवस्थित बनाउन आयोजना बैंक आवश्यक परेको र सोही अनुसार योजनाहरुको प्राथमिकीकरण गर्दा पारदर्शी प्रणाली स्थापना हुने विश्वास गरिएको छ ।

सरकारले प्राथमिकता राखेका आयोजनाहरुको छनौट प्रक्रियालाई व्यवस्थित गर्ने, विश्लेषण गर्ने र कार्यान्वयन योग्य बनाउनेगरी आयोजना बैंक बनाउन थालिएको प्रदेश योजना आयोगको भनाई छ। आयोजना बैंकले आयोजनाहरुको वर्गिकरण गर्न सघाउ पुग्ने छ भने पूर्वाधारतर्फका मात्रै नभई सामाजिक विकाससंग जोडिएका योजनाहरुलाई पनिसमावेश गरिने हुंदा प्रदेश सरकारको प्राथमिकताको आधारमा योजनाहरु समावेश गरिनेछ र कार्यान्वयनकोलागि अघि बढाइने छ।

प्रदेश योजना आयोगले आयोजना बैंक तर्जुमा निर्देशिका २०८१ को प्रस्तावनामाथि छलफल समेत अघि बढाइसकेको छ । सरोकारवाला पक्षहरुको राय सल्लाह सुझावको आधारमा आयोजना बैंकलाई कार्यान्वयनमा लगिने सरकारको भनाई छ । आयोजना बैंकले योजना छनौंट र वजेट वितरणलाई वैज्ञानिक र पारदर्शी बनाउने अपेक्षा गर्न सकिन्छ।

आयोजना बैंक नहुंदा विगतमा सरकारको नेतृत्वमा हुने मन्त्री, सत्तारुढ दलका नेताहरुले पहुचको भरमा आफ्नो क्षेत्रमा मात्रै वजेट खन्याउने परिपाटी थियो । यसले योजनाको दोहोरोपनको पनि अन्त्य गर्ने र वडावाटै योजना छनोट भएर जाने हुंदा नेताहरुले खल्तीबाट योजना छनोटको बेथिति अन्त्य हुने छ । नागरिकको आवश्यकता एकातिर तरयोजना र वजेट पहुंचका आधारमा अन्यतै जाने प्रवृत्ति छ,अब स्थानीय आवश्यकताको आधारमा आयोजना छनोट र कार्यान्वयन हुने विश्वास पलाएको छ।

प्रदेशको सिमित स्रोत साधनको उच्चतम प्रयोगकालागि प्रदेश आयोजना बैंक जरुरी थियो । प्रदेशले प्राथमिकतामा राख्नुपर्ने आयोजना प्राथमिकतामा नपर्ने समस्या रहेकोमा अबदेखि प्रदेश आयोजना बैंकमा समावेश आयोजनाहरु प्राथमिकताको आधारमा अघि बढाउन सहज हुने छ।

यसले योजना छनौंट प्रक्रियालाई पनि पारदर्शी बनाउने छ । अब सरकारले ढिला नगरी आयोजना बैंक निर्माणलाई छिटो पूरा गरी आगामी नीति तथा कार्यक्रम र वजेट सोही बैंकका आधारमा तय गर्न सके प्रदेश सरकारले अन्य प्रदेशका लागि समेत नमूना उदाहरण प्रस्तुत गर्न सक्ने छ।

# नेप्से ८.३० अंकले घट्यो



काठमाडौं। साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजार परिसूचक घटेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार बिहीबार बजार परिसूचक ८.३० अंकले घट्दा समग्र परिसूचक २७४८.०५ विन्दुमा पुगेको हो । बिहीबार बजारमा ८ अर्ब ४४ करोड रुपैयाँ बराबरको कारोबार भएको छ।

बजार सामान्य रूपमा घटे पनि बिहीबार मूल्य घट्ने कम्पनीको संख्या धेरै देखिएको छ । कारोबार भएका कम्पनीमध्ये बिहीबार १९७ कम्पनीको मूल्य घट्दा ४६ कम्पनीको मूल्य मात्रै बढेको छ। एउटा कम्पनीको मूल्य स्थिर रहेको छ।

बजार घटे पनि बिहीबार व्यापारमूलक क्षेत्रमा ९.२५ प्रतिशतको उच्च वृद्धि भएको छ । विकास बैंक र जीवनबीमा उपसूचकमा सामान्य वृद्धि हुँदा अन्य उपसूचक घटेका छन्।

बिहीबार बजारमा बुटवल पावर कम्पनी र विन नेपाल लघुवित्तको सेयरमा सकारात्मक सर्किट लागेको छ। मानुषी लघुवित्तको सेयरमा बिहीबार नकारात्मक सर्किट ब्रेकर लागेको छ । बिहीबार बजारमा एक्सेल डेभलपमेन्ट बैंकको सबैभन्दा धेरै कारोबार भयो । कारोबार भोल्युमको आधारमा एक्सेल नै अघि रहँदा कारोबार संख्याको आधारमा मितेरी डेभलपमेन्ट बैंक अगाडि रहेको देखिन्छ।

# कागती: छालालाई सुन्दर बनाउनेदेखि स्फूर्ति बढाउन उपयोगी



कागती बहुउपयोगी र गुणकारी फल हो । कागतीमा रोगको संक्रमणबिरुद्ध लड्न सक्ने गुण हुन्छ । यसले सेता मान्छेमा रक्तकोष उत्पादन गर्न मद्दत गर्छ र रगतलाइ संक्रमण हुनबाट पनि जोगाउन मद्दत गर्छ । कागती 'एन्टि-अक्सिडेन्ट' भएकाले शरीरमा रहेको विकारलाई निस्क्रिय पारी स्ट्रोक, मुटुरोग र क्यान्सरजस्ता खतरनाक रोग लाग्ने खतराबाट पनि धेरै हदसम्म जोगाउँछ।

कागतीले ब्लडप्रेसर घटाउँछ, पाचन शक्ति बढाउँछ, राम्रो कोलेस्टेरोल बढाउँछ, भोक जगाउँछ र शरीरमा स्फूर्ति बढाउँछ । यसमा पर्याप्त मात्रामा भिटामिन सी पाइन्छ । दालसँग कागती प्रयोग गर्दा यसले शरीरलाई लौहतत्वको शोषण गर्न मद्दत गर्छ। सधैं कागती खाने घरमा मानिस अन्यको तुलनामा कम बिरामी हुन्छन् भन्ने मान्यता पनि छ।

कागतीको जुसले छालालाई सुन्दर र कोमल पनि बनाउछ । 'हट लेमन'ले पाचनप्रक्रियालाई सहज र कलेजो सफा पार्छ । कागतीको रसले टाउको मालिस गर्दा टाउको दुखेको निको हुन्छ कपालमा चाया परेको छ भने कागतीको रसले मालिस गर्दा चाया कम हुन्छ।

वाकवाकी लागेको समयमा कागतीको टुक्रा काटेर चाट्नाले वाकवाकी कम हुन्छ । उच्च रक्तचाप भएका बिरामीले एक चम्चा कागती एक कप पानीमा मिसाएर खाने गर्नाले राम्रो हुन्छ।

घाँटी दुख्दा वा रुघा लाग्दा उमालेको पानीमा कागती र मह मिसाएर पिउनाले बिमार निको हुन्छ। कागतीको रस पानीमा हालेर कुल्ला गर्नाले मुख गन्हाउने समस्या हट्छ। त्यस्तै मुखको घाउ र दाँतबाट रगत आउने निको हुन्छ।

पसिना गन्हाउने समस्या भएकाहरूले पानीमा दुई चम्चा कागतीको रस राखेर नुहाउने, नुहाइ सकेपछि कागतीको बोक्रा काखी र खुट्टामा दल्ने गर्दा समस्या कम हुन्छ।

जुम्रा पर्दा पनि कागतीको प्रयोग गर्न सकिन्छ। दुई चम्चा जति कागतीको रस र एक-दुई चम्चा लसुनको लेदो बनाएर तीन-चार घण्टासम्म टाउकामा यसको लेदोले मसाज गर्दा जुम्रा मर्छ।

# उद्योग संघले तीनदिने कार्यक्रमसहित उद्योग दिवस मनाउँदै




बुटवल । रूपन्देही उद्योग संघले स्थापना दिवस तथा उद्योग दिवसको अवसरमा ३ दिन विविध कार्यक्रम गर्ने भएको छ। वि.सं.२०३५ साल मङ्सिर १५ गते स्थापना भएको उद्योग संघ ४७ वर्षको पुगेको छ। संघले आफ्नो ४७औं स्थापना दिवसमा विभिन्न कार्यक्रम गरी तीन दिन मनाउन लागेको पत्रकार सम्मेलन आयोजना गरी जानकारी गराइएको हो। संघका अध्यक्ष दिलिप सापकोटाले स्थापना दिवसमा ३ दिन भिन्दाभिन्दै कार्यक्रम गरिने जानकारी दिए। तीन दिने कार्यक्रम अन्तर्गत १३ गते संघकै सदस्यहरूबिच ब्याडमिन्टन प्रतियोगिता गरिएको छ।

१४ गते बिहान संघको सचिवालयमा रक्तदान र १५ गते बिहान मूल समारोहको आयोजना गरिँदै छ। मूल समारोहमा प्रमुख अतिथि नेपाल सरकारका उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, लुम्बिनी प्रदेशका उद्योग यातायात तथा पर्यटन मन्त्री प्रचण्ड विक्रम न्यौपाने, सिएनआइका अध्यक्ष अध्यक्ष राजेशकुमार अग्रवाललगायतको सहभागिता हुने अध्यक्ष सापकोटाले जानकारी दिए।

मुल समारोहमा अग्रज उद्यमी तथा विभिन्न क्षेत्रका उत्कृष्ट उद्योगीहरूको सम्मान, नेपाल पत्रकार महासंघ रूपन्देहीको समन्वयमा संघले स्थापना गरेको उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कार प्रदान, छात्रवृत्ति वितरणका साथै उद्योग डाइरेक्टरी २०८१ विमोचन गरिने छ।

२०५७ सालमा स्थापना गरेको उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कार निरन्तर वितरण गर्न सुरुवात गरेको संघले मंसिर १५ गते ४७औं स्थापना दिवसको अवसर पारेर ४७,१५५।– राशीको उत्कृष्ट औद्योगिक पत्रकरिता पुरस्कार वितरण गर्न लागेको हो।

अलग-अलग संयोजनको जिम्मेवारी तोकिएको छ। अन्तर सदस्य उद्योगी ब्याडमिन्टन प्रतियोगिताका लागि खेल संयोजक बलबहादुर गोदार (बाल्दार), उद्योगी सम्मान तथा पत्रकारिता पुरस्कार छनौट समितिमा निवर्तमान अध्यक्ष माधवप्रसाद पौडेल, रक्तदान कार्यक्रमको संयोजकमा कार्यसमिति सदस्य राजु घिमिरेलाई जिम्मेवारी तोकिएको छ।

संघले काठमाडौं बाहिर प्रथम पटक वि.सं. २०४५ सालमा राष्ट्रिय औद्योगिक प्रदर्शनीको आयोजना गरेको थियो। त्यसपछि १५औं पटक औद्योगिक प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएको संघका पूर्व अध्यक्ष तेजकुमार पाठकले पत्रकार सम्मेलनका जानकारी गराएका थिए। उद्योगी बाँचेमा सबै बाँच्ने भन्दै उनले यसको लागि सबैले सहकारी गर्नुपर्ने बताएका थिए।

संघले २०६२ सालमा परिकल्पना गरेको मुटु अस्पताल स्थापनाको अभियान स्वरूप बुटवलमा २०७० साल पौष १० गतेदेखि संघको संरक्षकत्वमा गौतम बुद्ध सामुदायिक मुटु अस्पताल सञ्चालनमा छ। मुटु अस्पताल काठमाडौं बाहिर मुटु रोगको उपचारको केन्द्रका रूपमा स्थापित हुँदै गएको छ।

अस्पतालले बुटवल, दाङ, पाल्पा, स्याङ्जा र कपिलवस्तुमा मृगौलाको डायलासिस सेन्टर स्थापना गरी सेवा विस्तार गरेको छ भने निकट भविष्यमै नवलपरासीमा समेत सेवा सुचारु हुँदैछ। नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष रामराज पोखरेलले उद्योगी व्यवसायीहरूको समस्या समाधानको लागि उनीहरूले गरेका हरेक क्रियाकलपामा पत्रकारहरूले साकारात्मक भूमिका निर्वाह गरेको बताएका थिए।

# मनोचिकित्सक सङ्घको राष्ट्रिय सम्मेलन नेपालगञ्जमा



नेपालगञ्ज । नेपाल मनोचिकित्सक सङ्घको दुई दिने १०औँ राष्ट्रिय सम्मेलन बिहीबारदेखि यहाँ सुरु भएको छ। सम्मेलनको स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेलले उद्घाटन गरे।

सचिव पोखरेलले मानसिक स्वास्थ्यलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै गएको उल्लेख गर्दै सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर छुट्टै विभाग बनाएको बताए। मानसिक स्वास्थ्यको क्षेत्रमा गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयले समन्वयात्मक ढङ्गले काम गर्न जरुरी भएकामा उनले जोड दिँदै पुनःस्थापना गृहलाई सुधार गर्न आवश्यक भएको बताए।

नेपाल मनोचिकित्सक सङ्घका अध्यक्ष डा. राजीव शाक्यले लागुपदार्थलाई कानुनले प्रतिबन्ध लगाएपछि सेवनकर्ता यसबाट टाढा हुन्छ भन्ने पुरातन सोच भएको उल्लेख गर्दै यसमा वैज्ञानिक अवधारणा ल्याएर वैज्ञानिक उपचार पद्धति अवलम्बन गर्नुपर्ने बताए। लागुपदार्थ सेवनबाट मानसिक स्वास्थ्यमा पर्ने असर तथा यसको उपचारका विभिन्न विधाबारे जानकारी दिन सम्मेलनबाट सहयोग पुग्ने अध्यक्ष शाक्यको भनाइ थियो।

मानसिक स्वास्थ्य अस्पताल ललितपुरका निर्देशक तथा मनोचिकित्सक डा.अनन्त अधिकारीले मानसिक स्वास्थ्यको उपचारलाई उपचारको मूल प्रवाहमा ल्याउन सुझाव दिँदै मानसिक रोगका बिरामीलाई समाजले गर्ने विभेद अन्त्यमा जोड दिए। उनले लागुपदार्थ दुर्व्यसनलाई मानसिक स्वाथ्यको रुपमा हेर्ने तथा यसको वैज्ञानिक ज्ञान र अनुभव आदानप्रदान गरिने बताए।

"मानसिक रोगका ८५ प्रतिशत पीडित उपचारबाट वञ्चित छन् समाजमा चेतनाको अभाव छ। समाजमा गलत अवधारणा विद्यमान छ।"-उनले भने।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा. अनिल कार्कीले मानसिक स्वास्थ्यको समस्या जटिल हुँदै गएको उल्लेख गर्दै प्रविधिको विकासले डिजिटल लत मानसिक स्वास्थ्यको चुनौतीको रुपमा अघि आएको बताए। नेपाल मनोचिकित्सक सङ्घको १०औँ राष्ट्रिय सम्मेलनका मूल समितिका महासचिव वरिष्ठ मनोचिकित्सक डा. प्रभात सापकोटाले दुई दिने सम्मेलनमा ९३ कार्यपत्र प्रस्तुत हुने जानकारी दिँदै लागुऔषध सेवनलाई रोगको रुपमा बुझाउन नसकिएको जनाए।

मनोचिकित्सक डा. तनवीर अहमत खानले लागुऔषध दुर्व्यसनको समस्या बढ्दै गएको उल्लेख गर्दै यसको सम्बन्ध मानसिक स्वास्थ्यमा कसरी परिरहेको छ भन्ने विषयमा छलफल केन्द्रित हुने बताए। सीएमसी नेपालका सोधकर्ता हिमाल गैरेले सम्मेलनमा अनुभव प्राप्त चिकित्सकबाट गरिने प्रस्तुतीकरणले सरकार र यसमा काम गर्ने साझेदार संस्थालाई मार्ग प्रसस्त गर्ने जनाए। सो अवसरमा लाइभ टाइम एचिभमेण्ट अवार्डबाट डा.नवराज कोइरालालाई सम्मान गरिएको थियो। सम्मेलनमा देशभरबाट करिब दुई सय मनोचिकित्सक, अनुसन्धानकर्ता र भारतबाट २० मनोचिकित्सक सहभागी छन्।

---

## लुम्बिनी...

'५-७ लाख रुपैयाँका आयोजना रातो किताबमा लेखिएको भए पनि त्यसले उपलब्धि दिँदैन भने कार्यान्वयन गर्न जरुरी छैन,' उनले भने-'प्रदेश सरकारले अघि बढाएका आयोजना समय सिमा भित्रै सम्पन्न गरिनुपर्छ।'

प्रदेश सरकारले थालेका तर, सम्पन्न हुन नसकेका योजनाहरुको अध्ययन गरेर सम्पन्न गर्नेतर्फ समेत मुख्यमन्त्री आचार्यले ध्यानाकर्षण गराए। चिस्यान केन्द्र, सांस्कृतिक डबली, रिफ्रेस सेन्टरलगायतका आयोजना सुरु भएको, कतिपय सम्पन्न नभएको, सम्पन्न भए पनि प्रयोगमा नआएको भन्दै यसमा ध्यान दिन मुख्यमन्त्रीले आग्रह गरे। 'जुन सरकारको पालामा अघि बढेको भए पनि ति आयोजना प्रदेश सरकारका हुन् ती आयोजनालाई सम्पन्न गर्न, प्रयोगमा ल्याउन योजना बनाएर कार्यान्वयन गर्न जरुरी छ,' उनले भने-'आयोजनाहरु बन्ने तर प्रयोगमा नआउने समस्या समाधान हुनु पर्छ।'

## ३० करोड...

अहिले एक सय बढी स्थानमा डीपो खोलेर मल बिक्री गरिरहेको अग्रवालले बताए। 'रासायनिक मललाई बिस्तारै विस्थापित गर्दै जाने हाम्रो लक्ष्यहो,' अग्रवालले भने-'हाम्रो उत्पादनलाई स्थानीय किसानले मात्र होइन सीमावर्ती भारतीय किसानले पनि रुचाएका छन्, त्यहाँबाट समेत ठूलो माग आउन थालेको छ।' उद्योगले आफ्नै र सरकारी प्रयोगशालामा परीक्षण गरेर मल बजारमा पठाउन गरेको उनले जनाए।

नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा सूचीकृत गरी गुणस्तरीय मलउत्पादन गरिरहेको उद्योगका प्रबन्ध निर्देशक पुनमकुमारी अग्रवालले बताइन्। रासायनिक मलको प्रयोगले बिग्रिएको माटोको गुणस्तरलाई सुधार्न र उत्पादन बढाउन अर्गानिक मल फलदायी हुने उनले दाबी गरिन्। अर्गानिक मलको प्रयोगबाट उब्जनी हुने कृषि उपजले मानव स्वास्थ्यलाई समेत फाइदा गर्ने उनको भनाइ छ।

कौँशी तथा करेसाबारीमा लगाइने तरकारी खेतीदेखि धान, गहुँ, मकैसहित अन्य खाद्य बाली र नगदेवालीलाई लक्षित गर्दै मल ५ केजी, २५ केजी र ५० केजी तौल प्याकेजिङमा मल बजारमा ल्याइएको छ।

एक वर्षअघि उत्पादन थालेको उक्त उद्योगले आफ्नो उत्पादित मल उद्योग परिसर, आसपासका पालिकाहरु र स्थानीय कृषकको खेतमा गरिएको परीक्षण सफल भएको प्रालिका प्रबन्ध निर्देशक अग्रवालले बताइन्।

नाइट्रोजन, फस्फोरस, पोटासियम, क्याल्सियम, सल्फर, म्याग्नेसियम, फलाम, कार्बनिक पदार्थ, नमी र कार्बन नाइट्रोजनको मिश्रण रहेको अर्गानिक मल रासायनिक मलको तुलनामा मूल्य पनि सस्तो र गुणस्तरीय रहेको प्रबन्ध निर्देशक अग्रवालले बताइन्।

उनका अनुसार ५० किलो रासायनिक डीएपी मलको मूल्य करिब २ हजार ४ सय रुपैयाँ पर्ने गरेकोमा रत्नम अर्गानिक मलको मूल्य १ हजार ५ सय रुपैयाँ छ।

सरकारले स्वदेशी अर्गानिक मलको प्रवर्द्धनका लागि विशेष नीति ल्याएमा सधैंभरी मलको अभावले किसानलाई भौतारिनु नपर्ने र माटोको उर्बराशक्ति संरक्षण हुने उनले बताइन्। बजारमा अर्गानिक मलका नाममा पूरामात्रामा पोषकतत्व नभएका मल बिक्री भइरहेको जनाउँदै सञ्चालकले यसलाई रोक्न समेत तीनै तहका सरकारसँग अनुरोध गरेका छन्। उद्योगमा ४० जनालो रोजगारी पाएका र पूर्ण क्षमतामा चल्दा १५० जनाले रोजगारी पाउने सञ्चालकले बताएका छन्।


## लुम्बिनी प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
### भीम अस्पताल
भैरहवा, रुपन्देही, नेपाल

### सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।०८।१४**

यस भीम अस्पताल, भैरहवाको लागि स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृत तथा प्रस्तावित दरबन्दी करार अन्तर्गतका तपसिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित), २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका दरखास्त उपर कुनै कारबाही हुँदैन।

| क्र.स. | विज्ञापन नं. | पद | सेवा | समूह/ उपसमूह | तह | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०८१/०८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | स्वास्थ्य सेवा | मेडिसिन/ज.मे. | नवौ | १ | MBBS उत्तीर्ण गरी जनरल मेडसिनमा स्नातोकोत्तर | |
| २ | २-२०८१/०८२ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | स्वास्थ्य सेवा | रेडियोलोजी | नवौ | १ | MBBS उत्तीर्ण रेडियोलोजिमा स्नातोकोत्तर | |
| ३ | ३-२०८१/०८२ | कन्सल्टेन्ट अर्थोपेडिक्स सर्जन | स्वास्थ्य सेवा | सर्जरी/अर्थो सर्जरी | नवौ | १ | MBBS उत्तीर्ण अर्थोपेडिकमा स्नातोकोत्तर | |
| ४ | ४-२०८१/०८२ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | स्वास्थ्य सेवा | साईक्याट्रिक | नवौ | १ | MBBS उत्तीर्ण गरी साईक्याट्रिकमा स्नातोकोत्तर | |
| ५ | ५-२०८१/०८२ | कन्सल्टेन्टअव्सट्रे तथागइनोकोजिष्ट | स्वास्थ्य सेवा | अव्स तथा गाईनो | नवौ | १ | MBBS उत्तीर्ण अब्सट्रेटिक्स तथा गाइनोमा स्नातोकोत्तर | |
| ६ | ६-२०८१/०८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | स्वास्थ्य सेवा | प्याथोलोजी | नवौ | १ | MBBS उत्तीर्ण प्याथोलोजिमा स्नातोकोत्तर | |
| ७ | ७-२०८१/०८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | स्वास्थ्य सेवा | एनेस्थेसियोलोजी | नवौ | १ | MBBS उत्तीर्ण एनेस्थेसियामा स्नातोकोत्तर | |

**निम्नः**

१. **दरखास्त फाराम बुझाउने विधि र स्थानः** यस अस्पतालको प्रशासन शाखामा दरखास्त फाराम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशको बेवसाईटः mohp.lumbini.gov.np मार्फत डाउनलोड गरी दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ। स्थानः भीम अस्पताल।

२. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाल नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरुको पछाडि पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारामको ढाँचामा सम्पूर्ण विवरणहरु भरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो सहित पेश गर्नु पर्नेछ।

३. **दरखास्त दस्तुरः** नवौं तहको लागि रु १२००।-.(एक हजार दुई सय मात्र।)

४. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०८/२८ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट सम्म।

५. **छनौटको आधार र प्रक्रियाः** संक्षिप्त सूची र अन्तरवार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तरवार्ताको लागि छनौट गरिनेछ।)

६. **सम्पर्क मिति र स्थानः** दरखास्त पेश गर्ने अन्तिमः मितिको भोलिपल्ट। स्थानः भीम अस्पताल।

७. उम्मेदवारको उमेरको हदः २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

८. पदमा रही गर्नुपर्ने कामको विवरणः सेवा, समूह सम्बन्धी।

९. तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम।

१०. अन्तरवार्ताको सूचनाः संक्षिप्त सूचीमा परेका सहभागीहरुको नामावली तथा अन्तरवार्ताको सूचना अस्पतालको बेवसाइट http://bhimhospital.gov.np मा प्रकाशित गरिनेछ।

११. अन्तरवार्ताको मिति, समय र स्थानः अन्तरवार्ताको लागि मिति, समय र स्थान स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङले तोक्नेछ।

**नोटः** सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखा( सम्पर्क नं. ०७१- ५८७७९३) मा सम्पर्क गर्नुहुन अनुरोध छ।



## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश,नेपाल
२०७३

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८१/०८/१४

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 08/KM/NCB /2081/82 | Road Upgrading at kawasoti municipality 10 and 15 | नुभा कन्स्ट्रक्सन प्रा.लि काठमाण्डौं-३२ | ७०,२२,८२२।११ | |
| 10/KM/NCB /2081/82 | Road Upgrading at kawasoti municipality 7 and 13 | रोज डेभलपर प्रा.लि टोखा-२ काठमाण्डौं | ५९,७५,६२०।५३ | |
| 14/KM/NCB /2081/82 | Ward No 1,4 ra 5 Kerunge Khola Tatabandhan | रोज डेभलपर प्रा.लि टोखा-२ काठमाण्डौं | ५७,५०,८८४।९७ | |

प्रमुख प्रशासकीय अधिकृत



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**जाडो छल्न आएका चखेवाः**

दाङ देउखुरीको राप्ती गाउँपालिका-१ स्थित राप्ती नदीमा जाडो छल्न आएका चखेवाको बथान। दक्षिणपूर्वी युरोप तथा मध्य एसियाबाट हिउँ छल्न चखेवा चरा पाहुना बनेर दक्षिण एसियाका नेपालसहित विभिन्न ठाउँमा आउने गर्दछन्। तस्विर : कुलदीप न्यौपाने /रासस

# नगर प्रमुख घर्ती 'वास च्याम्पियन'




**नवीन लोचनमगर**

*रोल्पा*

खानेपानी, सरसफाइ र स्वच्छता (वास) सुशासनमा उत्कृष्ट काम गरेको भन्दै रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्तीलाई 'च्याम्पियन मेयर' घोषणा गरिएको छ। नेपाल नगरपालिका संघद्वारा कपिलवस्तुको चन्द्रौटामा आयोजित कार्यक्रममा खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासनमा रोल्पा नगरपालिकाले उत्कृष्ट काम गरेको भन्दै रोल्पा नगरपालिकाका प्रमुख घर्तीलाई च्याम्पियन मेयर घोषणा गरिएको हो।

उत्कृष्ट घोषणा गर्नुपूर्व संघले विभिन्न मापदण्डहरुमा अनुगमन तथा मूल्यांकन गरेको थियो। संघले संस्थागत विकास र क्षमता अभिवृद्धि, वास प्लान, खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी ऐनहरु, विद्यालय, स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाइ र स्वच्छता (वास) को व्यवस्था, वित्तीय व्यवस्थापन, कार्यान्वयन, अनुगमन र मूल्यांकनलगायतका विषयमा विभिन्न नगरपालिकाहरुको स्तरीकरण गरी विश्लेषण गरिएको थियो।

सीमित स्रोत साधनका बाबजुद पनि रोल्पा नगरपालिकाले वास क्षेत्रमा उल्लेख्य काम गरेको संघले जनाएको छ। संघले स्थानीय तह खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र सुशासन सुदृढीकरण कार्यक्रमअन्तर्गत उक्त मूल्यांकन सार्वजनिक गरेको हो।

नगरपालिका संघका महासचिव तथा घोराही उप-महानगरपालिकाका प्रमुख नरुलाल चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले भौतिक पूर्वाधारको विकाससँगै स्वच्छताको सन्दर्भमा पनि नगरपालिकाहरुले राम्रो काम गरेको बताए। कार्यक्रमबारे प्रष्टिकरण दिँदै देवकोटाले स्वच्छताका काम पनि नगरपालिकाको महत्वपूर्ण क्षेत्र भएकाले संघले च्याम्पियनको योजना अघि सारेको बताए।

उक्त कार्यक्रममा रोल्पा नगरपालिकाका प्रमुख सुरेन्द्र थापा घर्ती, प्रमुख प्रशासकीय अधिकृत रमेश गौतम र वास फोकल पर्सन निशान आचार्यले रोल्पा नगरपालिकाले वासको क्षेत्रमा गरेको कामका बारेमा प्रस्तुतीकरण गरेको बताइएको छ।

ऐतिहासिक गाजाको दह :

# पानी सुक्नथालेपछि स्थानीयवासी चिन्तित



बलेवा। मङसिर : यहाँस्थित ऐतिहाँसिक गाजाको दह नजिकै व्यापार गर्दै आएका नरबहादुर थापाले दशक अघिसम्म दहमा पानीको सतह भरिभराउ देख्खथे। पछिल्लो समय दहमा बिस्तारै पानी सुक्दै गएको छ।

वर्षात्मा हावा चल्दा तालको छालले छेउका घरमा असर गर्ने डर हुन्थ्यो। तर अहिले त वर्षात्मा पनि यो ताल सुख्खा जस्तै भयो। भरिभराउ हुनुपर्ने तालको आधा पनि पानी नभरिएपछि स्थानीय बासिन्दा चिन्तामा छन्। २ हजार ५ सय मिटर उचाइको गाजा दहको पानी सुक्दा पर्यटकीय स्थल ओझेलमा पर्ने, तल्लो खण्डमा पानीको समस्या बल्झिने चिन्ता बढेको थापाले बताए।

सयौं वर्षदेखि पहाडको धुरीमा रहेको बागलुङको प्रसिद्ध गाजाको दह पछिल्लो समय सुक्दै जान थालेको हो। हिउँदमा नसुक्ने, वर्षात्मा धमिलो पनि नहुने विशेषता बोकेको यो दहमा डोजर लगाएर संरक्षण गर्न खोज्दा पानी घटेको स्थानीयको अनुमान छ।

पाँच वर्षअघि यहाँ पर्खाल लगाएर पानी संरक्षण प्रयास गरिएको थियो। यसका लागि डोजर लगाएपछि पानीको सतह सुक्दै जान थालेको स्थानीयले जनाएका छन्। बागलुङ सदरमुकामदेखि २४ किमी पश्चिमको यात्राबाट पुगिने गाजाको दह पर्यटकीय र धार्मिक गन्तव्य हो। यहाँ सिद्ध बराहको थान छ। यो थानमा जैमिनी, गलकोट, बागलुङ नगरपालिका, काठेखोला र बरेङ गाउँपालिकाबासी पूजा गर्न पुग्छन्। त्यस बाहेक अन्यत्रबाट पनि घुम्न जानेहरु धेरै छन्।

यो दहबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रेसहित मनास्लु हिमाल समेत देखिन्छ। उच्च पहाडमा भएकोले हिउँदमा हिउँ पर्छ। जंगल छेवैमा भएर पनि यो ताल सधैं सफा हुन्छ। यसैले यहाँ पर्यटक जानेआउने गर्छन्। यहाँबाट बागलुङसहित पर्वत, गुल्मी, म्याग्दी र स्याङ्जाका धेरै क्षेत्र देखिन्छन्। त्यसैले यहाँ पैदल यात्रा गरेर पनि पर्यटकहरु पुग्ने गर्छन्। "यो दह धार्मिक रुपमा पनि प्रसिद्ध छ, तर संरक्षणको नाउँमा डोजर लगाएर पानी घट्यो," स्थानीय थापाले भने- "अब मौलिक रुपमै संरक्षण नगरे दहको अस्तित्व सकिन्छ।" सडक अप्ठ्यारो भएकोले गाजा दह पुग्ने सडकलाई स्तरीय बनाउन पनि उनले माग गरे।

गाजा दहको छेवैमा रहेको सिद्द थानमा बैकुण्ठ चर्तुदर्शी तथा बाला चर्तुदर्शीमा मेला लाग्ने गरेको छ। बाला चर्तुदर्शीमा त सतबिज झर्नेको भीड समेत लाग्छ। पूर्णिमा मेला र विभिन्न चाडपर्वमा यहाँ गाजा दह नुहाउने भक्तजन पनि पुग्छन्। धार्मिक र पर्यटकीय स्थान भएकोले पर्यटन क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने स्थानीयको माग छ।

गण्डकी प्रदेश सरकारले यो दहलाई पर्यटन क्षेत्रमा सूचीकृत गरेको छ। तर पूर्वाधार निर्माणमा बजेट नदिएको स्थानीयले गुनासो गरेका छन्। सिद्ध बराह मन्दिर र ताल संरक्षण गर्न स्थानीयले महायज्ञ समेत लगाएका छन्। शनिबारदेखि शुरु भएको महायज्ञ सात दिन चल्ने जैमिनी नगरपालिका वडा नं. ३ का वडाध्यक्ष कृष्णबहादुर भुजेलले बताए। यो महायज्ञ धार्मिक मात्र नभई सास्कृति र दह संरक्षणको अभियान भएको उनको भनाइ छ।

पानी सुक्दा पर्यटकीय गतिविधि पनि ठप्प हुने स्थानीय यानुकला कालामगरले गुनासो गरे। ताल छ भनेरै धेरै मानिस घुम्न आउने हो, पानी सुक्यो भने त यहाँ कोही आउँदैन,' कालामगरले भने-"यहाँको महत्व जोगाउनु पर्छ।" गाजा दहको आसपासमा बस्ने मगर र छन्त्याल समुदाय बसोबास गर्दछन्। उनीहरुले यहाँको धार्मिक मठमन्दिरमा पूजा गर्दछन्। साथै, मेलापर्व पारेर लोकदोहोरी, सोरठी, सालैज्यो र विनासालैज्यो जस्ता संस्कृति समेत देखाउने चलन छ।

औद्योगिक व्यापार मेला बुटवल :

# कृषिमा अर्गानिक उत्पादनलाई प्राथमिकता




बुटवल । बुटवल उद्योग वाणिज्य संघको आयोजनामा अन्तर्राष्ट्रिय प्रदर्शनीयस्थल बुटवल मण्डपमा हुन गईरहेको औद्योगिक व्यापार मेलामा कृषि पेभिलियनतर्फ अर्गानिक उत्पादनलाई प्राथमिकता दिइने भएको छ।

कृषिमा व्यवसायिक विकासका लागि कृषिजन्य बस्तुको उत्पादन, कृषि उद्यमका लागि कृषि औजार तथा प्रविधिलाई प्राथमिकता दिएको बुटवल उद्योग वाणिज्य संघले मेलामा कृषिमा अर्गानिक उत्पादनको विकास, विस्तार र उपभोगको प्रवर्द्धनका लागि अर्गानिक उत्पादनलाई विशेष प्राथमिकता दिइएको मेला कार्यसम्पादन समिति कृषि उप-समितिका संयोजक मोहमद याकुवले जानकारी गराए।

यही पुसको ३ देखि १८ गतेसम्म अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा सञ्चालन हुने मेलामा कृषिजन्य बस्तुका स्टललाई प्राथमिकताका साथ विशेष छुट प्रदान गरिएको छ। कृषिमा व्यवसायिक विकासका लागि युवा सहभागिता र लगानी अभिवृद्धि गर्नको लागि कृषिमा भएका असल अभ्यास, कृषिमा आधारित कपडा (अल्लो), कृषि औजार कृषि प्रविधि, हलो उन्नतीकरणलगायत स्थानीय उत्पादन समावेश गरिने छ।

त्यसैगरी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वयमा सामूहिक कृषि सूचना केन्द्र रहनेछ। त्यसैगरी कृषिमा डिजिटल विकासका बारेमा समेत जानकारी गराउने गरी कार्यक्रम तय गरिएको छ। मेलामै कृषिसँग सम्बन्धित विषयमा अन्तर्क्रिया कार्यक्रम समेत गरिने मेला कार्यसम्पादन समितिका सदस्य तथा तालिम गोष्ठी उपसमितिका संयोजक बालकृष्ण पौडेलले बताए।

१६ दिनसम्म चल्ने मेलामा कृषिसँग सम्बन्धित डेरी उत्पादनलाई पनि प्राथमिकता दिइनेछ। डेरीजन्य उत्पादनका विविधिकरण खिर, कुरौनी, कपिलगायतका परिकार राखिने बुटवल उद्योग वाणिज्य संघ डेरी बस्तुगत समितिका सभापति कृष्णप्रसाद उपाध्यायले जानकारी गराए।

'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मुल नारा सहित आयोजना गरिएको मेलामा कृषि सहित सेवा, हस्तकला, ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक्स, व्यूटि, गार्मेन्ट, जुत्ता, एफएमसिजी (फूड एण्ड वेभरेज), अटोमोवाईल्स र होटल समेत गरी करिव ५ सय स्टल सहभागी गराईने कार्यसम्पादन समितिका उपसंयोजक तथा स्टल बुकिङ् समितिका समन्वय कर्ता सुरज भट्टराईले जानकारी दिए।

# धान उत्पादन बढेपछि किसान उत्साहित



पाल्पा। जिल्लामा यस वर्ष धान उत्पादनमा वृद्धि भएपछि किसान उत्साहित छन्। गुणस्तरीय बीउ, उन्नत वा हाइब्रिड जातका धानको प्रयोग, अनुकूल मौसमलगायत कारणले धान उत्पादन बढेको हो।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार यो वर्ष जिल्लामा ३६ हजार आठ सय मेट्रिक टन धान उत्पादन भएको छ। गत वर्ष यहाँ ३४ हजार सात सय ६२ मेट्रिक टन उत्पादन भएकामा यस वर्ष तीन दशमलव छ प्रतिशतले उत्पादन वृद्धि भएको केन्द्रका प्रमुख सन्तोष चौधरीले जानकारी दिए। गुणस्तरीय र उन्नत जातका बीउको प्रयोग, अनुकूल मौसम, मलको उपलब्धतालगायत कारण धान उत्पादन बढेको उनले बताए।

"केही स्थानामा धान पसाउने बेला रोग, कीराको समस्या देखिए पनि समग्र जिल्लाभर उत्पादन बढेको छ। किसानले उन्नत जातको बीउको प्रयोग गर्नु, यसवर्ष पर्याप्त सिँचाइ, आधुनिक प्रविधिको प्रयोगलगायत कारणले उत्पादनमा वृद्धि आएको हो।"- प्रमुख चौधरीले भने। उनका अनुसार यस वर्ष जिल्लामा आठ हजार छ सय २० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ। गतवर्ष आठ हजार दुई सय हेक्टर क्षेत्रमा खेती गरिएको थियो।

गाउँ-गाउँमा स्थानीय, प्रदेश तथा सङ्घीय सरकारको सहयोगमा सिँचाइ आयोजना कार्यक्रम सञ्चालनमा आएपछि कुलो, नहर व्यवस्थित हुँदा धान लगाउने क्षेत्रफल बढ्न थालेको प्रमुख चौधरीले जानकारी दिए। सिँचाइको अभावले बाँझो रहेका जग्गामा पछिल्लो समय सिँचाइ सुविधा पुगेपछि बारी तथा बाँझिएका जमिनमा पनि किसानले धान लगाउने गरेका छन्।

धानखेतीका लागि मौसम अनुकूल हुँदा उत्पादन वृद्धि भएको किसान सीता देवकोटाले बताइन। "रोपाइँ गरेदेखि वर्षा भइरहेकाले सिँचाइ गर्न सजिलो भयो, वर्षदिनभरि खाने अनाज राम्रो उत्पादन हुँदा खुसी लागेको छ। भकारीभरि धान भएपछि मन ढुक्क छ, कतै बीउको समस्याले पसाउने बेला रोगकीरा देखिए पनि अधिकांश किसानले यसवर्ष अघिल्ला वर्षमा भन्दा धेरै धान भित्र्याउनु भएको छ।"-उनले भनिन्।

जिल्लामा साबित्री, साँवामन्सुली, रामधान, हाइब्रिड, उन्नतलगायत जातका धान चलनचल्तीमा छन्। स्थानीय सरकारले अनुदानमा उन्नत जातका गुणस्तरीय बीउ उपलब्ध गराउन थालेपछि विगतका वर्षमा भन्दा पछिल्ला वर्षमा उत्पादन क्रमिक रूपमा बढ्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ।

मानव अधिकारको सम्मान गरौं

-मानव अधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
-मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ,
-मानव अधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
-मानव अधिकार उल्लंघन नगरौं, सबैको मानव अधिकार को सम्मान गरौं।
मानव अधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com